# व्यवस्थाको पुस्तकमा वर्तमान तथा समयसापेक्षित सत्य

(मिशन समाचार सहित)

लेखकः

## क्लिफोर्ड गोल्टस्टाइन

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०२१ (बि.सं. २०७८)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर गोल्डस्टाइन**

प्रथम संस्करणः २०७८ (ई.सं. २०२१)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४३२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## करारको पुस्तकः व्यवस्था

यस पुस्तकलाई अगाडि बढाउन कथाबाट सुरु गर्छौंः इस्राएलको राजा योशियाह यरुशलेममा ई.पू. ६४०-६०९मा राज्य गरेका थिए। त्यस समय राजा योशियाहले भत्किएको मन्दिर पुनर्निर्माण गर्न मानिसहरूलाई आदेश दिएका थिए। त्यस मन्दिरको पुनर्निर्माणमा गरिरहेको बेलामा कसैले मन्दिरमा पुरिएको एउटा पुस्तक भेटेछ। त्यसबेला तुरन्तै त्यो पुस्तक राजा योशियाहकहाँ पुऱ्याइयो। जब राजाको सम्मुख त्यो पुस्तक पढियो तब उनको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, २ राजा २२:११ "जब राजाले व्यवस्थाको पुस्तकमा लेखिएका कुरा सुने, तब तिनले आफ्ना लुगा च्याते।" किन उनले आफूले लगाइरहेको राजकीय पोशाक च्याते त? उनले र उनका जनहरूले त्यस पुस्तकमा लेखिएको अनुसार आज्ञा पालन गरेर जीवन नबिताइरहेको उनले महसुस गरेका थिए। त्यसकै शोक मनाउन उनले आफ्नो पोशाक च्याटेका थिए।

अनि, यही पुस्तकको आधारमा जसलाई "करारको पुस्तक" पनि भनेर सम्बोधन गरिन्छ (२ राजा २३:२), राजा योशियाहले आफ्नो देशमा ठूलो आत्मिक सुधार ल्याउन सुरु गरे। यो कथा तपाईंले २ राजा २मा पढ्न सक्नुहुन्छ।

राजा र राष्ट्रमा महान जागरण ल्याउन प्रभाव पार्ने त्यो पुस्तक के थियो त? सर्बसम्मतीबाट यो विश्वास गरिन्छ कि त्यो पुस्तक अरू कुनै नभएर मोशाले लेखेका *व्यवस्थाको पुस्तक* नै थियो। यस अध्ययन पुस्तकको विषयबस्तु त्यही व्यवस्थाको पुस्तक हो।

मोशाले लेखेका पाँचवटा पुस्तकहरूको अन्तिम पुस्तक *व्यवस्थाको पुस्तक* हो। यसलाई अङ्ग्रेजीमा *डुटिरोनोमी Deuterronomy* भनिन्छ। यो नाउँ ल्याटिन भाषाको डिटेरोनोमियमबाट (deteronomium) आएको हो। त्यसको अर्थ दोस्रो व्यवस्था हो। संक्षिप्तमा यस पुस्तकको सारांश यस्तो छः

इस्राएलीहरू इजिप्टबाट निस्केर सिधै कनानदेशमा नगइकन उजाड स्थान वा मरुभूमिमा ४० वर्ष चहार्न पुगेका थिए। इजिप्टबाट आउने पहिलो पुस्ताले परमेश्वरमाथिको अविश्वासले गर्दा अनाहकमा ४० वर्षसम्म मरुभूमिमा घुमिरहनु परेको थियो। यात्राको सुरुमा इस्राएलीहरू सिनै पहाडमा परमेश्वरसँग करार बाँधेका थिए। जब ४० वर्षको घुमफिरको यात्रा पूरा भयो र पहिलो पुस्ता बितेपछि तब प्रतिज्ञा गरिएको देशमा जान आखिरमा नयाँ पुस्ता तयार भएका थियो। तिनीहरू कनान देशको सिमाना काट्नुभन्दा पहिले

मोशाले श्रृङ्खलावद्धरूपमा ती हिब्रूहरूलाई सम्बोधन गरेका थिए। ती सम्बोधनहरूको मूल सार यो थियोः आखिरमा, अब तिमीहरू प्रतिज्ञा गरिएको देशमा पस्नै लागेका छौ। परमेश्वरले तिमीहरूलाई के गर्नुभयो नबिर्सनु। तिमीहरूबाट उहाँले के चाहनुहुन्छ त्यो पनि नबिर्सिनु। तिमीहरूबाट उहाँले चाहनुभएको यही हो-तिम्रो सारा शरीर, हृदय वा दिमाग र प्राण वा आत्माले परमेश्वरलाई प्रेम गर्नु र उहाँका सबै आज्ञाहरूमा प्रकट गर्नुभएको अनुसार पालन गरेर तिमीहरूको प्रेम परमेश्वरप्रति छ भनेर देखाउनु। उहाँको करार अनुसार चल्न नबिर्सनु साथै करारको महत्त्वपूर्ण पक्षलाई जोर दिँदै मोशाले बारम्बार दश आज्ञाको गरिमालाई दोहोऱ्याएका थिए। मानिसहरूले मान्नुपर्ने करारको कानुनी आधार दश आज्ञाहरू थिए। त्यसको गरिमा वा इज्जतलाई देखाउन परमेश्वरले आफ्नै हातले पत्थरको शिलामा प्रथम् पटक लेख्नुभएको थियो। अहिले कनान देशमा पस्न तयार भएको पुस्ताको बाबुआमाहरू परमेश्वरको त्यस कार्यको प्रत्यक्षदर्शी थिए। त्यही दश आज्ञाहरूको सम्मानलाई कायम राख्न र तिनीहरूको पालन गर्न अब मोशाले कनानको सिमानामा इस्राएलीहरूलाई सम्झाएका थिए।

त्यसकारण, हामी यो सोध्छौंः इस्राएलका सन्तानले प्रतिज्ञा गरिएको देशको सिमानामा मोशाको जुन वचनको सामना गरे के आज पनि त्यस देश भन्दा उत्तम देशको सिमानाको सङ्घारमा तुलनात्मकरूपले हामी छौं भन्न सक्छौं?

त्यसैकारण यस अध्ययन पुस्तकको विषयबस्तु नै "व्यवस्थाको पुस्तकमा भएको वर्तमान सत्य वा समयसापेक्षिक सत्य" भनेर सम्बोधन गरिएको छ। हो, यस पुस्तकमा हामीले त्यही हेर्नेछौंः परमेश्वरको करारमा रहेका जनहरूलाई उहाँले दिनुभएका वचनहरूमा के त्यस्तो सत्य सन्देशहरू छन् जुन हजारौं वर्षपछि रहेका हामीहरूलाई पनि ताजा नै भइरहेका हुन्छन्? ती ऐतिहासिक यहूदीहरूलाई दिइएका सन्देशहरू तिनीहरूलाईमात्र नभएर वा पौराणिकमात्र हो भनेर दिमागमा नराखी हाम्रो निम्ति पनि बर्तमान सत्य हो भनेर आत्मसात् गर्नु जरुरी ठान्नुपर्दछ।

विभिन्न विषयहरू समेटिएर लेखिएको *व्यवस्थाको पुस्तक*लाई यस अध्ययनमा नियाल्नेछौं। ती विषयहरूमाः परमेश्वर र मानिसहरूको बीचमा भएको अनन्तको करार वा कहिल्यै नाश नहुने र बिलाएर नजाने करार, दश आज्ञाहरूको व्यवस्था र अनुग्रह, परमेश्वर र छिमेकी वा पराईलाई प्रेम गर्नु भनेको के हो, र व्यवस्थाको पुस्तकको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको

परमेश्वरको प्रेमलाई उहाँले कसरी प्रकट गर्नुभएको छ-जुन क्रुसमा येशूको मृत्यु र उहाँको पुनरुत्थानमा टुङ्गिएको छ।

हो, मरुभूमिमा रहेको चर्च र हामी रहेको अहिलेको चर्चको बीचमा समय, राष्ट्र, जाति, संस्कार, संस्कृति र सभ्यता फरक छन्। ती तत्वहरूले गर्दा ती इस्राएलीहरू र हाम्रो बीचमा विभाजन पनि छ। तर तिनीहरू र हाम्रो बीचमा के साझा तत्वहरू छन् वा साझा प्रवृत्तिहरू छन् जसले गर्दा हामीहरू र तिनीहरूको बीचमा खासै विभाजन नभएको हेरिनु आवश्यक भएको हामीले मान्नुपर्दछ। उदाहरणमा तल सम्बोधन गरेका वचनहरू के हामीलाई पनि बोलिएको ठान्नुहुन्न र?

"परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहन मैले सिकाएको थिएँ जुन तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ। हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, “अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्।” हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?" (व्यवस्था ४:५,६ रूपान्तरित)।

यो पनि ख्याल गर्नुहोस्, व्यवस्थाहरू आफै अरू राष्ट्रहरूको सामु तिनीहरूको "बुद्धि र ज्ञान" होइन वा तिनीहरूलाई जानेरमात्र होइन तर ती व्यवस्था र विधानहरूलाई पालन गरेमात्र अरू राष्ट्रहरूले तिनीहरूलाई धन्यको भन्नेछन् रे! (आत्मज्ञान वा दिव्यज्ञान वा दर्शन तथा बौद्धिक ज्ञान केवल सुन्ने तर पालन गर्न आवश्यकता नठान्नुमा ती ज्ञानको कुनै औचित्य छैन-अनुवादक)। हामीलाई पनि यहाँ सन्देश छ भनेर आत्मसात् गर्नु जरुरी छ। व्यवस्थाको पुस्तक अध्ययन गर्ने क्रममा परमेश्वरले दिनुभएका सर्वोहितका नीतिहरू यस पुस्तकमा केही हदसम्म केलाउनेछौं।

*क्लिफोर्ड गोल्डस्टाइन एडभेन्टिस्ट शिक्षाको प्रखर विद्धान हुनुहुन्छ। उहाँ वयस्कहरूको साथब स्कूल अध्ययन गाइडको सम्पादक हुनुहुन्छ। उहाँले बप्ताइजिङ्ग द देभिलः इभ्युल्युहन एण्ड सडुक्सन अभ क्रिस्चियानीटी पुस्तक र अरू पुस्तकहरूका लेखक हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | व्यवस्थाको पुस्तकको प्रस्तावना | १ |
| २. | मोशाको ऐतिहासिक पाठ | १७ |
| ३. | अनन्तको करार | ३७ |
| ४. | तिम्रो परमेश्वरलाई हृदयदेखि प्रेम गर्नु | ५१ |
| ५. | तिम्रा ढोकाहरूमा रहेका अपरिचित पाहुना | ६३ |
| ६. | त्यो जस्तो महान् राष्ट्र अरू के होला? | ७९ |
| ७. | व्यवस्था वा दश आज्ञाहरू र अनुग्रह | ९२ |
| ८. | जिउन वा बाँच्न निर्णय गर | ११३ |
| ९. | तिनीहरूका हृदयहरू फर्काउ | १३१ |
| १०. | सम्झिनु, नबिर्सनु | १४६ |
| ११. | पछिका लेखहरूमा व्यवस्थाको पुस्तक | १६० |
| १२. | नयाँ करारमा व्यवस्थाको पुस्तक | १७८ |
| १३. | मोशाको पुनरुत्थान | १९४ |

## अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन पुस ९, २०७८ (डिसेम्बर २४, २०२१) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज ९-१५ (सेप्टेम्बर २५-अक्टुबर १) |
| २ | अध्याय २ | असोज १६-२२ (अक्टुबर २-८) |
| ३ | अध्याय ३ | असोज २३- २९ (अक्टुबर ९-१५) |
| ४ | अध्याय ४ | असोज ३०- कार्तिक ५ (अक्टुबर १६-२२) |
| ५ | अध्याय ५ | कार्तिक ६-१२ (अक्टुबर २३-२९) |
| ६ | अध्याय ६ | कार्तिक १३-१९ (अक्टुबर ३०-नोभेम्बर ५) |
| ७ | अध्याय ७ | कार्तिक २०-२६ (नोभेम्बर ६-१२) |
| ८ | अध्याय ८ | कार्तिक २७- मंसिर ३ (नोभेम्बर १३-१९) |
| ९ | अध्याय ९ | मंसिर ४-१० (नोभेम्बर २०-२६) |
| १० | अध्याय १० | मंसिर ११-१७ (नोभेम्बर २७- डिसेम्बर ३) |
| ११ | अध्याय ११ | मंसिर १८-२४ (डिसेम्बर ४-१०) |
| १२ | अध्याय १२ | मंसिर २५-पुस २ (डिसेम्बर ११-१७) |
| १३ | अध्याय १३ | पुस ३-९ (डिसेम्बर १८-२४) |

**यस त्रैमासिक साबथ स्कूलको उब्रिएको भेटी देहायका आयोजनाहरूमा प्रयोग गरिनेछः**

१. मङ्गोलियको राजधानी उलनबाटरमा एडेन्टिस्ट लाइफ स्टाइल सेन्टर
२. दक्षिण कोरियाको आनसान प्रान्तमा रहेका आप्रबासीका बालबालिकाहरूलाई स्याहार गर्ने केन्द्र।
३. दक्षिण कोरियाको डेगु प्रान्तमा यियोङ्गनाम मिशन सेन्टर।
४. ताइवानको टाइपेइ, टाइनान र काओसियुङ्ग प्रान्तका सहरहरूमा रहने मानिसहरूलाई प्रभावकारीरूपमा सेवा पुऱ्याउने तीनवटा केन्द्रहरू।
५. जापानको इन्टरनेटमा डुब्ने पुस्तालाई पुऱ्याउने इन्टरनेट सुसमाचारीय कार्यक्रम।